# साहित्यिक पत्रिकाबारे नेपाली विषयका शोधपत्र

वन्दना ढकाल

## पृष्ठभूमि

नेपाली पत्रकारिताको सुरुआत नै साहित्यिक पत्रकारिताबाट भएको हो । मोतीराम भट्टको सम्पादनमा प्रकाशन भएको भनिएको *सुधासागर* (१९५५) लाई विभिन्न अध्येताहरूले नेपालभित्र प्रकाशित नेपाली भाषाको पहिलो साहित्यिक पत्रिका मानेका छन् (देवकोटा २०२४ : २९) । यद्यपि यसको कुनै पनि अङ्क उपलब्ध हुन नसकेकाले यस तथ्यलाई प्रमाणित गर्न कठिन छ । नेपालबाहिरबाट भने *गोर्खा भारत जीवन* (१९४२), *उपन्यास तरङ्गिणी* (१९५९) *सुन्दरी* (१९६३), *माधवी* (१९६५), *चन्द्र* (१९७१), *गोर्खाली* (१९७२), *चन्द्रिका* (१९७२) जस्ता पत्रिकाहरू प्रकाशन भएका थिए (देवकोटा २०२४ : ४३-४८) । नेपालबाट बनारस पढ्न गएका युवाहरू र खरसाङमा बस्ने नेपाली युवाहरूको सक्रियतामा माथि उल्लिखित पत्रिकाहरू प्रकाशित भएका थिए । पछि नेपाल सरकारको सहयोग लिएर *शारदा* (१९९१) प्रकाशित भएको थियो । निकै पछिसम्म निरन्तरता पाएको यसै पत्रिकालाई नै नेपालबाट निस्केको पहिलो प्रामाणिक साहित्यिक पत्रिका भन्न सकिन्छ । यसरी *शारदा*बाट सुरु भएको नेपाली साहित्यिक पत्रिकाको

*मिडिया अध्ययन* ६ : १४९-१६४  २०६८

विकासलाई हेर्दा २०६४ सालसम्ममा १ हजार १८० ओटा साहित्यिक पत्रिका प्रकाशन भएका छन् (प्रेस काउन्सिल नेपाल २०६५ : ङ) ।

नेपाली भाषीहरू रहेका दार्जिलिङ, खर्साङ, कालिम्पोङ, बनारस, आसामजस्ता स्थानबाट साहित्यिक पत्रिका धेरै सङ्ख्यामा निस्किएका छन् । कतिपय पत्रिका १-२ अङ्क निस्किएर बन्द पनि भएका छन् । त्यसैले नेपालभित्र र बाहिरबाट प्रकाशित साहित्यिक पत्रिकाहरूको एकमुष्ठ विवरण पाउन सकिएको छैन । व्यक्तिगत र संस्थागत प्रयासमा साहित्यिक पत्रिकाबारे केही खोजी भएको भए पनि विश्वविद्यालयको शैक्षिक प्रयोजनका लागि थुप्रै शोधकार्य सम्पन्न भएका छन् । तिनै शोधकार्यबारेको सर्वेक्षणात्मक र विश्लेषणात्मक अध्ययन यस लेखको अभीष्ट हो ।

पुराना साहित्यिक पत्रिकाको इतिहास थाहा पाउन शोधपत्रहरूले महत्त्वपूर्ण भूमिका निर्वाह गरेका हुन्छन् । यस्ता शोधपत्रहरू साहित्यिक पत्रिकाको इतिहासलाई जोगाउने र तिनको योगदानको व्यवस्थित मूल्याङ्कन गर्ने माध्यम पनि हुन् । साहित्यिक पत्रिकाको योगदानलाई अभिलेखीकरण गर्ने कडीका रूपमा देखिएका शोधपत्रहरूबारे खासै अध्ययन भएको छैन ।

*शारदा* पत्रिका प्रकाशनको ४१ वर्षपछि नेपाली साहित्यिक पत्रिकाबारे शैक्षिक प्रयोजनका हिसाबले पहिलोपल्ट शोधकार्य भयो (घिमिरे २०३२) । त्रिवि नेपाली केन्द्रीय विभागबाट निस्कने *वाङ्मय* जर्नलमा त्रिविअन्तर्गतका क्याम्पसहरूबाट २०६० मङ्सिरसम्म तयार पारिएका शोधहरूको सूची प्रकाशित छ (सुवेदी २०५९/६०) । यसै गरी *शोधविधि* (शर्मा र लुइटेल २०६२) नामक पुस्तकमा त्रिविअन्तर्गत नेपालभरिका क्याम्पसहरूमा सञ्चालित मानविकी सङ्कायका विद्यावारिधि, स्नातकोत्तर र स्नातक तहमा तयार पारिएका शोधपत्रहरूको सूची प्रकाशन गरिएको छ । २०६२ पछिका शोधपत्रहरूबारे जानकारी पाइएको छैन । उपर्युक्त जर्नल र पुस्तकमा शोधहरूको सूची मात्रै प्रकाशित छ; प्रवृत्ति, ढाँचा र विषयवस्तुबारे उल्लेख छैन ।

नेपाली साहित्यिक पत्रिकाबारेका केही शोधपत्रको जानकारी शोध गरिएका सम्बन्धित पत्रिकामा दिइएको छ । जस्तै : *मिर्मिरे* (पन्त २०५७क, २०५७ख, २०५८क, २०५८ख), *अभिव्यक्ति* (उपाध्याय २०५१) र *बगर* (पन्त २०५४) पत्रिकाबारे तयार पारिएका शोधपत्र ती पत्रिकामा हुबहु छापिएका छन् ।

साहित्यिक पत्रिकाबारे हालसम्म के-कति शोध भएका छन्, कहाँ-कहाँबाट क-कसले गरेका छन्, शोधपत्रको प्रकृति, प्रवृत्ति, संरचना, विषयवस्तु कस्तो छ ? यी र यस्तै प्रश्नको जवाफ यस लेखमा खोज्ने प्रयास गरिएको छ ।

यस लेखमा त्रिभुवन विश्वविद्यालय, मानविकी सङ्कायअन्तर्गत नेपाली विषयको स्नातकोत्तर तहमा सम्पन्न भएका शोधपत्र मात्र समेटिएको छ । यसमा स्नातकोत्तर तह र अन्य उपाधि, नेपालीबाहेक अन्य विषय, मानविकीबाहेक अन्य सङ्काय, त्रिभुवन विश्वविद्यालयबाहेक अन्य विश्वविद्यालयका शोधपत्र समेटिएको छैन । यस्तै, काठमाडौँ उपत्यकाका पाँचओटा क्याम्पसबाहेक अन्य क्याम्पसलाई समेट्न नसक्नु यस अध्ययनको सीमा हो । तर, यहाँ केही सन्दर्भमा पृथ्वीनारायण क्याम्पस, पोखराको प्रसङ्ग पनि जोडिएको छ । शैक्षिक प्रयोजनबाहेक अन्य तवरबाट भएका शोधीखोजीको यहाँ अध्ययन गरिएको छैन ।

अनुसन्धानका क्रममा त्रिवि नेपाली केन्द्रीय विभागका विभागीय प्रमुख, रत्नराज्यलक्ष्मी क्याम्पसका विभागीय प्रमुखलगायत अन्य प्राध्यापकसँग पनि कुराकानी गरिएको थियो । २०६७ असोज १५ देखि २०६७ पुस १२ सम्म काठमाडौँका पाँचओटा क्याम्पसमा पुगी सामग्री सङ्कलन गरिएको थियो । यस लेखमा शोधको सङ्ख्या; शोधको संरचना; समस्याकथन र उद्देश्य; पूर्वकार्यको समीक्षा; शोधकार्यको औचित्य, महत्त्व र उपयोगिता र निष्कर्षजस्ता उपशीर्षकअन्तर्गत शोधपत्रहरूको चर्चा गरिएको छ ।

## शोधपत्रको सङ्ख्या

काठमाडौँ उपत्यकाका पाँचओटा क्याम्पसमा २०६७ पुस १२ सम्म नेपाली साहित्यिक पत्रिकाबारेका शोधपत्रको सङ्ख्या ६३ रहेको छ (हेर्नुहोस् तालिका १) ।

तालिका १ मा १०/१० वर्षको अन्तरमा भएका शोधपत्रको आँकडा देखाइएको छ । पत्रिकाका अतिरिक्त साहित्यकारको जीवनी लेखन, कुनै एक कृतिमै केन्द्रित भई धेरै नै शोध भएको देखिन्छ । एक हजारभन्दा बढी साहित्यिक पत्रिका भएको सन्दर्भमा ६३ ओटा मात्र शोध हुनुलाई पर्याप्त मान्न सकिँदैन । धेरैजसो पत्रिका निरन्तर नभएकाले र केही त अप्राप्य समेत भएकाले शोधार्थीको पहुँच त्यहाँसम्म पुग्न नसक्दा पछिल्लो दशकमा पत्रिकाबारे शोध गर्ने क्रम घटेको हुन सक्छ । २०१६ देखि नेपाली विषयमा स्नातकोत्तर तह सुरु भएको भए पनि त्यसको १६ वर्षपछि मात्र पत्रिकाबारे शोध गरियो ।

**तालिका १ : काठमाडौं उपत्यकाभित्रका क्याम्पसमा शोधपत्रको सङ्ख्या[१]**

| साल | केन्द्रीय विभाग | | त्रिचन्द्र | | रत्नराज्य | | पाटन संयुक्त | | पद्मकन्या | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | पत्रिकाबारे | अन्य | पत्रिकाबारे | अन्य | पत्रिकाबारे | अन्य | पत्रिकाबारे | अन्य | पत्रिकाबारे | अन्य |
| २०३२-२०४० | १० | १०१ | - | - | - | - | - | - | - | - |
| २०४१-२०५० | ८ | ९७ | - | - | - | - | - | - | - | - |
| २०५१-२०६० | २२ | ४३९ | १ | २९ | ४ | अनुपलब्ध | - | - | १ | अनुपलब्ध |
| २०६१-२०६७ | ९ | ८१७ | २ | ९५ | १ | अनुपलब्ध | ३ | अनुपलब्ध | २ | अनुपलब्ध |
| **जम्मा** | **४९** | **१४५४** | **३** | **१२४** | **५** | | **३** | | **३** | |

[१] केन्द्रीय क्याम्पस र त्रिचन्द्रबाहेक अन्य कलेजबाट स्वीकृत शोधपत्रको सङ्ख्या प्राप्त नभएकाले यहाँ 'अनुपलब्ध' लेखिएको छ । र, यस्तो - चिह्नले स्नातकोत्तर शिक्षण कार्यक्रम सुरु नभएको अवस्था बुझाउँछ । नेपाली साहित्यिक पत्रिकाबाहेक अन्य विषयमा भएका शोधपत्रलाई 'अन्य' अन्तर्गत राखिएको छ ।

## शोधका विषयवस्तु

साहित्यिक पत्रिकाबारेको पहिलो शोधपत्र 'नेपाली साहित्यमा शारदाको योगदान' (घिमिरे २०३२) मा १३ पृष्ठसम्म शोधको परिचय र साहित्यिक पत्रिकाबारे सङ्क्षिप्त इतिहास प्रस्तुत गरिएको छ। बाँकी खण्डमा भने *शारदा* पत्रिकामा रचना छपाउने लेखक र रचनाहरूको वर्णानुक्रमिक विवरण रहेको छ। संरचना र विषयवस्तुका हिसाबले साहित्यिक पत्रिकाबारेको यो सामान्य शोध हो। तर, २०६७ सम्म आइपुग्दा पनि नेपाली शोधपत्रको संरचना, प्रस्तुति र विषयवस्तुमा पहिलो शोधपत्रकै ढाँचा अनुसरण गरिएको छ। पत्रिकाको नामबाहेक अन्य सबैजसो शीर्षक-उपशीर्षक मिल्दाजुल्दा भएका शोधपत्रहरू थुप्रै देखिए। जस्तै : 'नेपाली साहित्यमा धरती पत्रिकाको योगदान', 'नेपाली साहित्यमा मादल पत्रिकाको योगदान', 'नेपाली साहित्यमा गरिमा पत्रिकाको योगदान', 'नेपाली साहित्यमा ध्वनि पत्रिकाको योगदान' जस्ता उस्तै शीर्षकका शोधपत्र मात्रै ५१ ओटा रहेका छन्। यस्तै, एउटै पत्रिकाको शोध एउटै तरिकाले तीन पटकसम्म पनि भएको छ। 'नेपाली बालसाहित्यमा मुना पत्रिकाको योगदान' शीर्षकमा त्रिचन्द्र क्याम्पसबाट दुई वर्षको अन्तरमा दुई जनाले र नेपाली केन्द्रीय विभागबाट एक जनाले शोधपत्र तयार पारेका छन्। एउटै शीर्षकमा पटक-पटक शोध गर्दा नयाँ निष्कर्ष आउँछ भनेर अपेक्षा गर्न सकिँदैन। यसै गरी *मुना, गरिमा, अभिव्यक्ति, श्रीनगर, हाम्रो पुरुषार्थ, धरती*जस्ता पत्रिकाबारे एकभन्दा बढी पटक शोध भएका छन्।

सबैजसो शोधपत्रका विषयवस्तु, एकाइ विभाजन, शीर्षक-उपशीर्षक, शोध्य विषय उस्तै शैली र ढाँचाका छन्। शीर्षकीकरणका हिसाबले पनि शोधको शीर्षक समस्यामूलक हुनुपर्ने हो, तर सबैजसो शोधका शीर्षक समाधानमूलक छन्। जस्तै : 'नेपाली साहित्यमा गरिमा पत्रिकाको योगदान' शीर्षकले प्रारम्भमै उक्त पत्रिकाले नेपाली साहित्यमा योगदान गरेको छ भन्ने बुझाउँछ। तर, शोधविधिले भने 'नेपाली साहित्यमा गरिमा पत्रिका' भन्ने जस्तो शीर्षक राख्ने सुझाव दिन्छ। तर पनि २०६७ सम्म पनि पुरानै ढाँचाको शीर्षकीकरणले निरन्तरता पाएको छ।

धेरैजसो शोधपत्रका मुख्य अध्यायहरूमा सम्बन्धित पत्रिकाका विभिन्न अङ्कमा छापिएका सामग्रीहरूको सूची वर्णानुक्रमिक ढङ्गमा प्रस्तुत गरिएको छ। *शारदा, गरिमा, झिसमिसे, चन्द्रिका, मिर्मिरे, गोधूलि, हिमाली सौगात, हाम्रो ध्वनि* आदि पत्रिकाबारेका शोधपत्रमा त्यसरी छापिएका सामग्रीको सूची दिइएको छ। त्रिवि नेपाली केन्द्रीय विभागका प्रमुख राजेन्द्र सुवेदीले साहित्यिक पत्रिकामा छापिएका लेखहरूको अभिलेख होस् भन्ने हिसाबले नै वर्णानुक्रमिक विवरणयुक्त शोधपत्रहरू

तयार पारिएको जानकारी दिए ।[२] शोधपत्रका यस्ता सामग्रीहरूबाट बन्द भइसकेका वा छापिइरहेका पत्रिकाहरूमा क-कसका के-कस्ता रचना छापिए भन्ने जानकारी पाइन्छ ।

लेखकको वर्णानुक्रमिक विवरण राखेर शोधार्थीहरूले शोध पूरा गर्नुको मुख्य कारण विद्यार्थीको क्षमता पनि हो भन्ने धारणा रत्नराज्य क्याम्पसका अध्यापक रघुनाथ घिमिरेको छ । तर, उक्त क्याम्पसकै स्नातकोत्तर नेपाली कार्यक्रम संयोजक तुलसीमान श्रेष्ठ भने विभागले नै विद्यार्थीलाई शोधपत्र लेखनका लागि योग्य बनाउँछ भन्छन् ।[३] शोधपत्र लेखनमा विद्यार्थीको समय, क्षमता र शोधनिर्देशकले समय कति दिन सक्छ भन्ने कुरा पनि प्रधान रहन्छ । तर, रघुनाथ घिमिरे सम्बन्धित विषय-विशेषज्ञको कमीका कारण पनि शोधपत्र कमजोर बन्ने बताउँछन् । साहित्यिक पत्रिकाबारे पहिलो शोध गर्ने यिनै रघुनाथ घिमिरे २०३२ देखि हालसम्म पनि संरचनामा फेरबदल नभएकोमा अचम्म मान्दै भन्छन्, "शोध-विशेषज्ञको अभावका कारण साहित्यिक पत्रिकामा गरिएका शोध एउटै ढाँचा वा संरचनाका भएका हुन् ।"[४] पृथ्वीनारायण क्याम्पस, पोखराका नेपाली विभागीय प्रमुख रविलाल अधिकारी पहिले अरूले गरेका शोधपत्रहरू हेरेर नै विद्यार्थीले शोध गर्ने भएकाले शोधपत्रहरू उस्तै शीर्षक र ढाँचामा तयार हुने गरेको बताउँछन् ।[५]

शोधपत्रमा पत्रिकामा छापिएका सामग्रीको सूची समावेश गरिँदा त्यस पत्रिकाको इतिहास त लेखिएला, तर शोधार्थीको विश्लेषण र मूल्याङ्कन क्षमता भने त्यसमा देखिँदैन । यद्यपि वर्णानुक्रमिक सूचीले अनुसन्धान गर्न चाहने नयाँ अनुसन्धातालाई भने सघाउँछ नै, किनकि नेपाली साहित्यिक पत्रिकाबारे व्यक्तिगत सङ्कलनबाहेक अन्य भरपर्दा स्रोत र सूचना उपलब्ध छैनन् । त्रिवि केन्द्रीय पुस्तकालयमा पनि साहित्यिक पत्रिकाहरूका सम्पूर्ण अङ्क फेला पार्न सकिँदैन ।

धेरैजसो शोधपत्रका दोस्रो खण्डमा नेपाली छापाखानाको पृष्ठभूमि, गिद्धे प्रेस, *सुधासागर*को प्रकाशन, बनारसका पत्रपत्रिका प्रकाशनको इतिहासजस्ता प्रसङ्ग दोहोरिएका छन् । प्रत्येक शोधपिच्छे साहित्यिक पत्रिकाको विस्तृत इतिहास लेख्नु जरुरी छैन । यस्ता शोधपत्रहरू समग्र पत्रिकाको इतिहास लेखनमा केन्द्रित छन्; शोध्य पत्रिकाको विशिष्टीकृत इतिहास लेखन, विश्लेषण र मूल्याङ्कनमा केन्द्रित छैनन् । सिद्धान्त र इतिहास खण्ड नलेखी शोध पूरा हुँदैन भन्ने परिस्थिति विभागले तयार पारिदिएको

---

२ सुवेदीसँग २०६७ फागुन ४ मा गरिएको कुराकानी ।

३ श्रेष्ठसँग २०६८ वैशाख ८ मा गरिएको कुराकानी ।

४ घिमिरेसँग २०६७ फागुन ३० मा गरिएको कुराकानी ।

५ अधिकारीसँग २०६७ पुस २८ मा गरिएको कुराकानी ।

हुनाले अन्तर्वार्तामा शोध अस्वीकृत हुने डरले विद्यार्थी इतिहास लेखनमा बढी केन्द्रित हुने नेपाली केन्द्रीय विभागमा प्राध्यापनरत रमेश भट्टराई बताउँछन् ।[६] तर, रत्नराज्य क्याम्पसका कार्यक्रम संयोजक श्रेष्ठ भने शोधमा इतिहास आवश्यक भए पनि अनावश्यक ढङ्गले विस्तृत इतिहास सार्न नहुने बताउँछन् ।[७]

नेपाली केन्द्रीय विभागबाट तयार भएका ४९ ओटै शोधपत्र उस्तै शीर्षकका छन् । पत्रिकामा छापिएका विभिन्न विधाबारे बेग्लाबेग्लै विधामा केन्द्रित भई, सम्पादकीयमा मात्रै केन्द्रित भई, निश्चित कालखण्डमा मात्रै केन्द्रित भई अथवा सोही कालखण्डका दुई वा दुईभन्दा बढी पत्रिकाले छापेका सामग्रीको सामयिकता, पक्षधरता, ऐतिहासिकता आदि विभिन्न कोणबाट पनि शोध गर्न/गराउन नसकिने होइन, तर यसो गरिएको छैन । पृथ्वीनारायण क्याम्पसको नेपाली विभागले यस्तो परम्परालाई केही हदसम्म तोड्दै विधागत अध्ययनलाई जोड दिएको छ । जस्तै : 'वि.सं २०६४ सालमा गरिमा पत्रिकामा प्रकाशित महिला कथाकारहरूका कथाको एक अध्ययन', 'रजस्थल पत्रिकामा प्रकाशित कथाहरूको अध्ययन', 'गरिमामा प्रकाशित एकाङ्कीहरूको अध्ययन' जस्ता शीर्षकले विधागत अध्ययनलाई प्रधानता दिएका छन् । यस्ता शोधपत्रले शोधार्थीको विधागत सैद्धान्तिक ज्ञान र विश्लेषण क्षमता बढाउन सहयोग पुऱ्याउँछन् ।

'...योगदान' शीर्षकमा तयार भएका शोधपत्रमा त्यस पत्रिकाले नेपाली साहित्यमा के योगदान गऱ्यो भन्ने जिज्ञासाको चित्तबुझ्दो जवाफ भेट्टाउन भने गाह्रो छ । जस्तै :

> हाम्रो ध्वनि पत्रिकामा प्रकाशित रचनाहरूलाई आधार बनाई विधागत रूपमा बेग्लाबेग्लै र भाषिक, शैलीपरक एवं संरचनागत रूपमा छुट्टाछुट्टै अध्ययन भविष्यमा गर्न सकिने संभावना छ । यसका साथै यसले नेपाली साहित्यमा पुऱ्याएको योगदानलाई अन्य साहित्यिक पत्रिकाका योगदान सँग दाँज्न सकिनेछ (रेग्मी २०५५ : १३१) ।

यस्तै, अर्को उदाहरण :

> यस निष्कर्षमा भन्नुपर्दा २०४९ सालमा प्रकाशन आरम्भ भई २०६१ सालमा प्रकाशित १५ औँ अङ्कबाट प्रकाशन स्थगन भएको गोधूलि पत्रिकाले छोटै समयमा थोरै अङ्कका माध्यमबाट भए पनि नेपाली साहित्यका कविता, कथा, लेख/निबन्ध, समालोचना/समीक्षा,

---

६ भट्टराईसँग २०६७ चैत १ मा गरिएको कुराकानी ।

७ श्रेष्ठसँग २०६८ वैशाखमा गरिएको कुराकानी ।

> नाटक/एकाङ्कीजस्ता विविध विधाहरूको प्रकाशन गरेर नेपाली साहित्यको विकासमा महत्त्वपूर्ण, विशिष्ट र अविस्मरणीय योगदान पुऱ्याएको छ (थापा २०६२ : १०४)।

यी उद्धरण *हाम्रो ध्वनि* र *गोधूलि* पत्रिकाको योगदानबारे तयार भएका शोधपत्रबाट लिइएका हुन्। शोधपत्रमा यी पत्रिकाले नेपाली साहित्यमा के चाहिँ योगदान गरे भन्ने कुराको खोजी गरिएको छैन। यी त केही शोधपत्रका उदाहरण मात्र हुन्। धेरै शोधपत्रमा यस्तै द्वैअर्थी, भावुक अनि सतही मूल्याङ्कन गरिएको पाइयो।

## शोधको संरचना

नेपाली साहित्यिक पत्रिकाबारे तयार भएका शोधपत्रका शीर्षक उस्तै भएझैँ संरचना, ढाँचा, शीर्षक, उपशीर्षक, परिच्छेद विभाजन इत्यादि पनि उस्तै छन्। यहाँ बेग्लाबेग्लै दुइटा शोधपत्रको विषयसूची नमुनाका रूपमा अघि सारिएको छ (हेर्नुहोस् तालिका २)।

**तालिका २ : दुई शोधपत्रका विषयसूचीबीच तुलना**

| 'नेपाली साहित्यमा चन्द्रिका पत्रिकाको योगदान' (राई २०६१) | 'नेपाली साहित्यमा गोधूलि पत्रिकाको योगदान' (थापा २०६२) |
|---|---|
| **विषयसूची** | **विषयसूची** |
| शोधनिर्देशकको मन्तव्य कृतज्ञताज्ञापन<br>पहिलो परिच्छेद : शोधपरिचय<br>१.१ शोधपत्रको शीर्षक<br>१.२ शोधपत्रको प्रयोजन<br>१.३ विषयपरिचय<br>१.४ समस्याकथन<br>१.५ शोधकार्यको उद्देश्य<br>१.६ पूर्वकार्यको समीक्षा<br>१.७ अध्ययनको औचित्य र महत्त्व<br>१.८ अध्ययनको सीमाङ्कन<br>१.९ सामग्रीसङ्कलन तथा शोधविधि<br>१.१० शोधपत्रको रूपरेखा<br><br>दोस्रो परिच्छेद : नेपाली पत्रपत्रिकाको इतिहासमा चन्द्रिका<br>२.१ परिचय<br>२.२ नेपाली पत्रपत्रिकाको विकासक्रम<br>२.३. 'चन्द्रिका'<br>२.३.१ पृष्ठभूमि<br>२.३.२ 'चन्द्रिका'को प्रकाशन<br>२.३.३ 'चन्द्रिका'को नामकरण<br>२.३.४ 'चन्द्रिका'का अङ्क र विशेषताहरू<br>२.३.५ 'चन्द्रिका'मा प्रकाशित रचनाहरू<br>२.३.६ 'चन्द्रिका'मा प्रकाशित अनूदित र उद्धृत रचनाहरू | शोधनिर्देशकको मन्तव्य कृतज्ञताज्ञापन<br>पहिलो परिच्छेद : शोधपरिचय<br>१.१ शोधशीर्षक<br>१.२ शोधप्रयोजन<br>१.३ विषयपरिचय<br>१.४ समस्याकथन<br>१.५ शोधकार्यको उद्देश्य<br>१.६ पूर्वकार्यको विवरण<br>१.७ शोधकार्यको औचित्य, महत्त्व र उपयोगिता<br>१.८ शोधकार्यको सीमाङ्कन<br>१.९ सामग्री सङ्कलन विधि<br>१.१० शोधपत्रको रूपरेखा<br><br>दोस्रो परिच्छेद : नेपाली साहित्यिक पत्रिकाको सङ्क्षिप्त इतिहास<br>२.१ पृष्ठभूमि<br>२.२ नेपाली भूमिबाट प्रकाशित साहित्यिक पत्रिकाहरू<br>२.३ विदेशी भूमिबाट प्रकाशित साहित्यिक पत्रिकाहरू<br><br>तेस्रो परिच्छेद :'गोधूलि' पत्रिकाको प्रकाशन<br>३.१ 'गोधूलि' पत्रिका प्रकाशनको पृष्ठभूमि<br>३.२ 'गोधूलि' पत्रिकाको उद्देश्य<br>३.३ 'गोधूलि'को नामकरणको अर्थ<br>३.४'गोधूलि'को अर्थ र तात्पर्य |

| | |
|---|---|
| २.३.७ 'चन्द्रिका'मा विज्ञापन र मूल्यव्यवस्था<br>२.३.८ 'चन्द्रिका' पत्रिकाको मुद्रण र संयोजन<br>२.३.९ 'चन्द्रिका'को प्रकाशन बन्द<br><br>तेस्रो परिच्छेद : चन्द्रिका प्रकाशित रचनाहरू<br>३.१ परिचय<br>३.२ रचनाहरूको विवरण<br>चौथो परिच्छेद : नेपाली साहित्यमा चन्द्रिकाको योगदान<br>४.१ पृष्ठभूमि<br>४.२ कविता<br>४.३ निबन्ध<br>४.५ नाटक<br>४.६ गजल<br><br>पाँचौँ परिच्छेद : उपसंहार<br>सन्दर्भग्रन्थ सूची | ३.५'गोधूलि'मा प्रकाशित रचना र पारिश्रमिकको व्यवस्था<br>३.६ 'गोधूलि'को आर्थिक व्यवस्थापन र मुद्रण<br>३.७ सम्पादन, प्रकाशन र वितरण<br>३.८ आवरण आकार र पृष्ठसङ्ख्या<br><br>चौथो परिच्छेद : 'गोधूलि' पत्रिकामा प्रकाशित रचनाहरूको वर्णानुक्रम सूची<br>४.१ सूची प्रस्तुत गर्ने आधार<br>४.२ कविता<br>४.३ कथा<br>४.४ लेख/निबन्ध<br>४.५ समीक्षा/समालोचना<br>४.६ यात्रा संस्मरण, भेटवार्ता<br>४.७ लोकसाहित्य/लोकसंस्कृति<br>४.८ नाटक/एकाङ्की<br>४.९ अनुवाद साहित्य<br>४.१० साहित्यिक अनुसन्धान, भाषा, व्याकरण<br>४.११ डायरी<br>४.१२ सम्पादकीय<br><br>पाँचौँ परिच्छेद : 'गोधूलि' पत्रिकामा प्रकाशित रचनाहरूको विवेचना<br>५.१ पृष्ठभूमि<br>५.२ 'गोधूलि'मा प्रकाशित कविताहरूको विवेचना<br>५.२.१ संरचना र शीर्षक<br>५.२.२ भाव/ विषयवस्तु<br>५.२.३ भाषा र लय<br>५.३ 'गोधूलि' पत्रिकामा प्रकाशित कथाहरूको विवेचना<br>५.३.१ कथावस्तु<br>५.३.२ पात्र वा चरित्र<br>५.३.३ उद्देश्य<br>५.३.४ दृष्टिविन्दु<br>५.३.५ भाषाशैली<br>५.४ 'गोधूलि' पत्रिकामा प्रकाशित निबन्धहरूको विवेचना<br>५.४.१ विषयवस्तु<br>५.४.२ भाषाशैली<br>५.५ समालोचनात्मक रचनाहरूको विवेचनना<br>५.६ नाटक र एकाङ्कीको विवेचना<br>५.६.१ कथावस्तु<br>५.६.२ पात्र वा चरित्रचित्रण<br>५.६.३ संवाद/भाषाशैली<br>५.७ यात्रा-संस्मरण<br>५.८ लोकसाहित्य<br>५.९ अनुवाद साहित्य<br>५.१० साहित्यिक अनुसन्धान, भाषा व्याकरण<br><br>छैटौँ परिच्छेद : उपसंहार<br>परिशिष्ट<br>गोधूलि पत्रिकाको प्रकाशक (प्रधान सम्पादक कृष्णप्रसाद पराजुलीको लिखित अन्तर्वार्ता)<br>सन्दर्भग्रन्थ सूची |

तालिका २ मा उल्लेख गरिएका बेग्लाबेग्लै शोधपत्रका विषयसूचीबाट साहित्यिक पत्रिकाबारे तयार भएका शोधपत्रमा के-कस्ता शीर्षक र उप-शीषृक हुन्छन् भन्ने प्रस्ट हुन्छ । सबै खालका शोधपत्रमा झैँ पहिलो परिच्छेदमा शोधपरिचय शीर्षक हुने नै भयो । दोस्रो परिच्छेदमा साहित्यिक पत्रिकाको इतिहास प्रस्तुत गरी उक्त इतिहासमा शोध्य पत्रिकाको स्थान निर्धारण गरिएको हुन्छ । यस्तै, तेस्रो परिच्छेदमा शोध्य पत्रिकाको प्रकाशनसन्दर्भ, नामकरण, मुद्रण, संयोजन, आकार-प्रकारलगायतको चर्चा गरी उक्त पत्रिकामा छापिएका सामग्रीको सूची दिइएको हुन्छ । धेरैजसो शोधपत्रमा प्रकाशित सामग्रीको सूची मात्रै दिइए पनि केही शोधपत्रमा भने ती सामग्रीको विश्लेषण र मूल्याङ्कन पनि गरिएको हुन्छ (हेर्नुहोस् तालिका २ मै थापा २०६२) । समग्रमा भन्दा साहित्यिक पत्रिकाबारेका शोधपत्रको ढाँचा, प्रस्तुति, एकाइ विभाजन र संरचनामा विविधता पाइँदैन ।

## समस्याकथन र उद्देश्य

केही शोध त एकै खालको समस्याकथन वा उद्देश्यमा आधारित भएर दुई पटक पनि गरिएको छ । 'नेपाली साहित्यमा धरती पत्रिकाको योगदान' शीर्षकमा नेपाली केन्द्रीय विभागबाटै २०६० मा मनकुमारी जोशी र २०६२ मा भवनाथ गैह्रापिप्लीले शोध गरेका छन् । यी दुई शोधको समस्याकथन यस्तो छ :

**तालिका ३ : एउटै पत्रिकाबारे उस्तै समस्याकथनसहित दुई शोधपत्र**

| | 'नेपाली साहित्यमा धरती पत्रिकाको योगदान' (जोशी २०६०) | 'नेपाली साहित्यमा धरती पत्रिकाको योगदान' (गैह्रापिप्ली २०६२) |
|---|---|---|
| | **समस्याकथन** | **समस्याकथन** |
| १ | 'धरती' पत्रिका कहिलेदेखि प्रकाशित भयो र यसका के-कति अङ्कहरू प्रकाशित भए ? | 'धरती' प्रकाशनको मूलभूत उद्देश्य के थियो ? |
| २ | 'धरती' पत्रिका प्रकाशनको उद्देश्य र औचित्य के थियो ? | 'धरती'मा के कति र के कस्ता रचनाहरू प्रकाशित भएका छन् ? |
| ३ | 'धरती'मा केकस्ता साहित्यिक रचनाहरू प्रकाशित भए ? | 'धरती'मा प्रकाशित साहित्यिक रचनाहरूले साहित्यिक विकासमा कस्तो भूमिका खेलेको छ ? |
| ४ | 'धरती' पत्रिकाले नेपाली साहित्यको विकासमा केकस्तो भूमिका खेलेको छ ? | |

यो एउटै पत्रिकाबारे एउटै समस्याकथनमा आधारित भएर दुईओटा शोध गराइएको उदाहरण हो । दुई वर्षको अन्तरालमा उही विभागबाट उही समस्याकथन पुनरावृत्ति गरेर दुईओटा शोधकार्य सम्पन्न गराइँदा विद्यार्थीको ज्ञानको विकास

हुन सक्दैन । शोधको शीर्षक चयन गर्ने क्रममा विभागको ध्यान पुगेको देखिँदैन । यसै गरी २०६१ सालमा गरिएको 'नेपाली साहित्यमा चन्द्रिका पत्रिकाको योगदान' शीर्षकको शोधमा पनि तालिका ३ मा उल्लिखित शोध (जोशी २०६०) मा झैँ समस्याकथन नै रहेको छ। नेपाली साहित्यिक पत्रिकामा गरिएका शोधको समस्याकथन एक दुई शब्द (हेर्नुहोस् तालिका ४) तलमाथि पारेर उही र उस्तै प्रकृतिको भएको भेटिन्छ । यसै गरी शोधविधिको मान्यताअनुसार समस्याकथन र शोधको उद्देश्यमा तालमेल हुनुपर्ने हो । तर, शोधार्थीले यसमा उति ध्यान दिएका छैनन् । समस्याकथनको उत्तर शोधको उद्देश्यमा हुनुपर्ने हो । जस्तै, 'नेपाली साहित्यमा चन्द्रिका पत्रिकाको योगदान' शीर्षकको शोधपत्रको समस्याकथनले समस्या एउटा देखाएको छ भने शोधको उद्देश्य अर्कोतिर छ । उक्त शोधको समस्याकथन र उद्देश्य यस्तो छ :

**तालिका ४ : समस्या कथन र उद्देश्यबीच सम्बन्ध**

| 'नेपाली साहित्यमा चन्द्रिका पत्रिकाको योगदान' (राई २०६१) | | |
|---|---|---|
| | **समस्याकथन** | **शोधको उद्देश्य** |
| १ | 'चन्द्रिका' पत्रिका कहिलेदेखि प्रकाशित भयो र यसका अङ्कहरू केकति प्रकाशित भए ? | 'चन्द्रिका' पत्रिका प्रकाशनको समयावधि र वर्ष १ मा प्रकाशित अङ्कहरूको खोजी गर्नु |
| २ | 'चन्द्रिका' पत्रिका प्रकाशनको उद्देश्य र औचित्य के थियो ? | 'चन्द्रिका' पत्रिका प्रकाशनको उद्देश्य र औचित्यबारे अध्ययन गर्नु |
| ३ | 'चन्द्रिका' मा केकस्ता साहित्यिक रचनाहरू प्रकाशित भए ? | 'चन्द्रिका' वर्ष १ मा प्रकाशित विविध सामग्रीहरूको विधागत वर्गीकरण गरी विवरण प्रस्तुत गर्नु । |
| ४ | 'चन्द्रिका' पत्रिकाले नेपाली साहित्यको विकासमा केकस्तो भूमिका खेलेको छ ? | 'चन्द्रिका' पत्रिकाले नेपाली साहित्यको विकासमा पुऱ्याएको योगदानको मूल्याङ्कन गर्नु । |

माथि उल्लिखित शोधपत्रको समस्याकथनको जिज्ञासालाई शोधको उद्देश्यले पूरा गर्न सकेको देखिँदैन । शोधको समस्याकथन र उद्देश्यमा तालमेल भएर सोहीअनुसार नै शोध-प्रक्रिया अगाडि बढ्नुपर्ने हो तर धेरैजसो शोधमा समस्याकथन र उद्देश्यबीच तालमेल पाइँदैन। समस्याकथन र उद्देश्यबीच तालमेल हुन नसकेमा शोध-पक्रिया सही दिशामा अगाडि बढ्न सक्दैन ।

## पूर्वकार्यको समीक्षा

सम्बन्धित शोधकार्यका बारेमा विभिन्न पुस्तक, पत्रपत्रिका र शोधपत्रहरूमा गरिएका टिप्पणी, समीक्षा र समाचारहरूको मूल्याङ्कन नै पूर्वकार्यको समीक्षा हो । यसले शोधार्थीलाई आफ्नो शोध कुन दिशामा लैजाने भन्नेबारे जानकारी

दिन्छ । पूर्वकार्यको समीक्षा कालक्रमिक ढङ्गले राख्ने गरिन्छ । यो वस्तुपरक हुनुपर्छ, आत्मपरक होइन । तर, शोधार्थीले आफ्नो शोधकार्यबारे अतिरञ्जना गर्ने तथा शोधनिर्देशकले पनि ध्यान नदिने  हुनाले पूर्वकार्यको समीक्षा पनि आत्मगत भएका छन् । उदाहरणका लागि 'नेपाली साहित्यमा गोधूलि पत्रिकाको योगदान' शीर्षकको शोधपत्रको पूर्वकार्यको समीक्षा हेर्न सकिन्छ :

> व्याकुल पाठकले नेपाली पत्र (२०५२ कार्तिक २२ गतेका) मा २०४६ सालमा प्रकाशित 'समकालीन साहित्य' पछिको उपलब्धिपूर्ण पत्रिका गोधूलि भएको उल्लेख गरेका छन् । यस पत्रिकामा नेपालभन्दा बाहिर भारत, असम, सिक्किम, मेघालय, कालिम्पोङ आदि स्थानका कविहरूलाई पनि स्थान दिइएको कुरा उल्लेख गरिएको छ । यसै लेखमा पाठकले गाईहरू वनबाट फर्कंदा तिनको खुरको धुलो उड्दै गएको समयको साइतलाई जनाउने यसको शुभनाम हो भने त्यही धूलो उडेसरि भएर यस पत्रिकाले नेपाली धर्ती र आकाशलाई सुवासित रचनाले व्याप्त पार्दै अग्रगतिमा लम्किरहोस् भन्ने शुभेच्छा व्यक्त गरेका छन् (थापा २०६२ : ९-१०) ।

'नेपाली साहित्यमा झिस्मिसे पत्रिकाको योगदान' शीर्षकको शोधपत्रको पूर्वकार्यको विवरण यस्तो छ :

> निर्मलेश : "पुस्तक प्राप्ति" दृष्टि साप्ताहिक (वर्ष ५, अङ्क ७, मङ्सिर १६-२२, २०४४) यस लेखमा 'झिसमिसे' वर्ष १० अङ्क ३२ मा प्रकाशित सामग्रीहरूको सामान्य टिप्पणी गरिएको छ । यस लेखमा 'झिसमिसे' पत्रिकाका बारेमा गरिएको टिप्पणी यस्तो छ  : "करिब एक डेढ वर्षको लामो अन्तरालपछि 'झिसमिसे' साहित्यिक त्रैमासिक प्रकाशन भएको छ । ढिलो प्रकाशित भए पनि 'झिस्मिसे'ले साहित्यका पाठकहरूको रुचिलाई कदर गरेको छ । अर्थात् पत्रिका स्तरीय र सस्तो छ" (फुयाल २०६१ :३) ।

पूर्वकार्यको समीक्षामा सम्बन्धित शीर्षकबारेका टिप्पणीको निचोड राख्नुपर्ने हुन्छ । माथि दिइएका दुई उदाहरणमध्ये पहिलोले *गोधूलि* पत्रिकाको प्रशंसा कवितात्मक शैलीमा गरेको छ भने पछिल्लोले त *झिस्मिसे* पत्रिकाको अतिशय प्रशंसा नै गरेको छ । समीक्षकले *गोधूलि* पत्रिकाको प्रकाशनलाई उपलब्धिपूर्ण मानेको छ । तर, त्यो उपलब्धिपूर्ण भयो कि भएन भनेर शोधार्थीले पूर्वकार्यको समीक्षामा खुलाउनुपर्ने हो । तर, यहाँ भने अरूको भनाइ हुबहु सारेर पूर्वकार्यको समीक्षा गर्ने कर्मकाण्ड पूरा गराइएको छ ।

'नेपाली साहित्यमा चन्द्रिका पत्रिकाको योगदान' शीर्षकको शोधपत्रमा पूर्वकार्यको समीक्षा यस्तो छ :

> पारसमणि प्रधानले 'नेपाली भाषा र साहित्यको विवरण' मा थुप्रै लेखकहरूको निबन्ध, कथा, कविता, लेख र जीवनचरित्र अनुवादहरू छापिएर खरसाङबाट प्राय दुई वर्षसम्म 'चन्द्रिका'द्वारा जेनतेन भाषाको सेवा भएको बताएका छन् (राई २०६१ : ३) ।

पूर्वकार्यको समीक्षा भन्दाबित्तिकै कुनै निश्चित समयमा गरिएको काम भन्ने बुझिन्छ । *चन्द्रिका* पत्रिकाबारे गरिएको शोधपत्रको पूर्वकार्यको समीक्षामा समय उल्लेख नै गरिएको छैन । समयावधि उल्लेख नहुँदा उक्त कार्यको प्रामाणिकता पुष्टि गर्न गाह्रो हुन्छ । पूर्वकार्यको समीक्षाबारे पनि शोधपत्रमा निश्चितता वा एकरूपता पाउन सकिँदैन । जसले गर्दा शोधार्थी पनि अन्योलमा पर्ने र मनलागी हिसाबले समीक्षा प्रस्तुत गर्ने काम भइरहेको छ ।

## शोधकार्यको औचित्य, महत्त्व र उपयोगिता

शोधपत्रको पहिलो खण्डमा 'शोधकार्यको औचित्य, महत्त्व र उपयोगिता' शीर्षक हुन्छ । शोधकार्य गर्नुको औचित्य के हो ? शोधकार्यको महत्त्व के हो ? त्यो शोधपत्र केका लागि उपयोगी हुन्छ ? यी र यस्तै प्रश्नको स्पष्ट उत्तर यस खण्डमा हुनुपर्ने हो । तर, साहित्यिक पत्रिकाबारे गरिएका धेरैजसो शोधपत्रहरूमा त्यसो नभनीकन यो विषयवस्तु अत्यन्तै महत्त्वपूर्ण छ, पत्रिका अत्यन्तै राम्रो छ भन्ने जस्ता पदावलीको प्रयोग गरिएको छ । उदाहरण :

> नेपाली पत्रिकाको परम्परामा 'चन्द्रिका' पत्रिका एउटा साहित्यिक पत्रिकाका रूपमा प्रकाशित भएको हो । वि. सं १९७४ देखि १९७५ सम्मको छोटो अवधिमा प्रकाशित भएर पनि नेपाली साहित्यका विविध विधामा यसले पुऱ्याएको योगदान महत्त्वपूर्ण रहेको छ ।... त्यसैले 'चन्द्रिका'मा केन्द्रित भएर गरिने यो शोधकार्य औचित्यपूर्ण छ । यो अध्ययन 'चन्द्रिका' पत्रिकाको बारेमा अध्ययन गर्न चाहने अध्येताहरूका लागि समेत उपयोगी र महत्त्वपूर्ण रहेको छ (राई २०६१ : ४) ।

अर्को उदाहरण :

> प्रस्तुत शोधपत्र नेपाली साहित्यको विकासमा उल्लेखनीय भूमिका निर्वाह गर्ने गोधूलि पत्रिकाको बारेमा केन्द्रित रहेको छ । यसरी नेपाली साहित्यको विकासमा महत्त्वपूर्ण

> भूमिका गोधूलि पत्रिकाको साहित्यिक योगदानका बारेमा स्पष्ट अध्ययन प्रस्तुत शोधपत्रमा गरिएकाले यो औचित्यपूर्ण रहेको छ। नेपाली साहित्यको विकासमा अग्रणी स्थान हासिल गर्न सफल विभिन्न पत्रिकाको बारेमा शोध गर्न चाहने शोधकर्ता तथा गोधूलि पत्रिकाका विभिन्न पक्षमा जानकारी राख्न चाहने जोसुकैका लागि पनि प्रस्तुत शोधकार्य औचित्यपूर्ण, महत्त्वपूर्ण र उपयोगी रहेको छ (थापा २०६२ : १०-११)।

शोधकार्यको औचित्य र महत्त्व प्रस्टयाउँदा नेपाली साहित्यमा महत्त्वपूर्ण योगदान गरेको पत्रिका, नेपाली साहित्यको विकासमा अग्रणी स्थान हासिल गर्न सफल पत्रिका, पत्रिकामा शोध गर्न चाहने व्यक्तिका लागि महत्त्वपूर्ण भनेर लेखिएको छ। तर, पत्रिका के कारणले महत्त्वपूर्ण भयो, पत्रिका कसरी नेपाली साहित्यमा अग्रणी स्थान हासिल गर्न सफल भयो भन्ने कारण नदिई खालि महत्त्वपूर्ण र विशिष्ट भनिएको छ। कुनै पनि शोधकार्यमा उक्त विषय किन महत्त्वपूर्ण भयो भन्ने कारण खुलाउनुपर्छ। तर्क र तथ्यपूर्ण कारणविना महत्त्वपूर्ण, विशिष्ट, सबैभन्दा अग्रणी स्थानमा रहेको पत्रिका भनेर विशेषण लगाउनु हुँदैन। यस्ता अभिव्यक्तिले शोध वस्तुपरक नभई आत्मपरक बन्न पुग्छ।

## निष्कर्ष

अनुसन्धान पर्याप्त स्रोत-सामग्रीसहित व्यापक अध्ययन र दीर्घ साधनाद्वारा गरिने चूनौतीपूर्ण कार्य हो। अन्य अनुसन्धानमा जस्तो शैक्षिक प्रयोजनको अनुसन्धानमा पर्याप्त समय हुँदैन। स्नातकोत्तर तहको शोधपत्र लेख्नका विद्यार्थीसँग पर्याप्त समय हुँदैन। विद्यार्थीले थारै समयमा आफ्नो अनुसन्धान सक्नुपर्ने हुन्छ। शोधपत्र लेखनका क्रममा विद्यार्थी जति लगनशील भएर लाग्नुपर्छ, शोधनिर्देशक पनि त्यति नै गम्भीर बन्नुपर्छ। शोधार्थीलाई शोधनिर्देशकले कति समय दिन्छन्, त्यसले पनि शोधको गुणस्तरमा प्रभाव पार्छ।

साहित्यिक पत्रिकाले नेपाली साहित्यमा आधुनिकता ल्याउन, पाश्चात्य प्रभाव भित्र्याउन, समीक्षा-समालोचनाको परम्परा बसाउन र विभिन्न साहित्यिक धारहरूको प्रवर्द्धनमा ऐतिहासिक भूमिका निर्वाह गरेका छन्। विभिन्न समयमा प्रकाशित साहित्यिक पत्रिकाले वहन गरेको प्रवृत्ति, तिनमा प्रकाशित विभिन्न विधाका लेख रचनाहरू, तिनको विधागत स्थिति, पत्रिका प्रकाशनको उद्देश्य र औचित्य एवं नेपाली साहित्यका सन्दर्भमा तिनको योगदान आदिबारे यस्ता शोधपत्रहरूले अध्ययन र विश्लेषण गरेका छन्। साहित्यिक पत्रिकाबारे शोध गर्ने परम्परा काठमाडौँबाहिर पनि सुरु भएको छ। साहित्यिक पत्रिकाभित्रको कुनै

एक पक्षबारे विस्तृत अध्ययन गर्ने वा विधागत विशिष्टतालाई आधार बनाएर शोध गर्ने चलन सुरु भएको छ। यसबाट भविष्यमा साहित्यिक पत्रिकाको योगदानबारे सूक्ष्म र विशिष्ट शोध हुने अपेक्षा गर्न सकिन्छ।

कुनै साहित्यिक पत्रिकामा छापिएका सिर्जनाहरूको सूची मात्र तयार पारेर स्नातकोत्तर तहको अनुसन्धान पूरा हुँदैन। पत्रिकामा छापिएका लेखहरूको शीर्षक, लेखक, विधा, वर्ष-अङ्क आदिको सूची बनाएर मात्र शोध पूरा गर्ने चलन कम गरिनुपर्छ। सबैजसो साहित्यिक पत्रिकाबारे शोध हुन नसकेको अवस्थामा एउटै शीर्षक र उद्देश्यमा एकभन्दा बढी शोधपत्र तयार पारिनुको औचित्य छैन। धेरैजसो शोधपत्र खास अनुसन्धान, विश्लेषण र मूल्याङ्कनविना नै तयार पारिएका छन्। नेपाली पत्रिकाको इतिहास लेखनमा धेरै समय खर्चेर मुख्य विषयवस्तुमा भने थोरैले मात्र प्रवेश गरेका छन्।

कुनै एउटा पत्रिकाले उक्त कालखण्डमा कस्ता प्रवृत्ति वहन गरेको थियो, त्यस प्रवृत्तिले नेपाली साहित्यमा कस्तो प्रभाव पाऱ्यो भन्ने कोणबाट पनि शोध गर्न सकिन्छ। पत्रिकाले नेपाली साहित्यमा योगदान गऱ्यो त भनिएको छ तर कुन विधामा, कुन समयमा, कस्तो खालको योगदान गऱ्यो भन्नेमा शोधपत्रहरू मौन छन्। शोधको उद्देश्यमा पत्रिकाको योगदानको मूल्याङ्कन गर्ने भनिएको छ, तर योगदान शीर्षकसँग शोध निष्कर्षको कुनै तालमेल हुन सकेको छैन। शोधपत्र वस्तुपरक, मानक, तथ्यपरक, अनुसन्धानपरक हुनपर्नेमा धेरैजसो शोधपत्र आदि भावुक र आत्मपरक बनेका छन्। साँच्चै अनुसन्धान गरी मेहनतपूर्वक तयार पारिएका शोधपत्र र साटसुट गरी तयार पारिएका शोधपत्रको मापन उही ढङ्गले हुने, शोधनिर्देशकले शोध गराउन पर्याप्त समय नदिने र सम्बन्धित विषयमा शोधार्थी र निर्देशकको अल्पज्ञानका कारण पनि धेरैजसो शोधपत्र झारा टार्ने किसिमले तयार पारिएका छन्। यसरी हेर्दा २०३२ सालदेखि सुरु भएको साहित्यिक पत्रिकाबारेको शोधमा कुनै नौलो संरचना, प्रस्तुति र निष्कर्ष भेट्न सकिँदैन।

## आभार

यस लेखका विभिन्न मस्यौदा पढेर सुझाव दिनुहुने प्रत्यूष वन्त, देवराज हुमागाईं र हर्षमान महर्जनप्रति आभारी छु। लेखको अन्तिम सम्पादनका क्रममा विमल आरोहीको महत्त्वपूर्ण सुझावका लागि धेरै धन्यवाद छ। विभिन्न कार्यमा सहयोग पुऱ्याउनुहुने मार्टिन चौतारी पुस्तकालयका साथीहरूलाई धन्यवाद। अनुसन्धानको क्रममा अन्तर्वार्ताका लागि समय दिने सबैप्रति कृतज्ञ छु।

## सन्दर्भसामग्री

उपाध्याय, मुक्तराज । २०५१ । नेपाली साहित्यमा अभिव्यक्ति पत्रिकाको योगदान । *अभिव्यक्ति* ७७ : १-९७ ।

गैह्रापिप्ली, भवनाथ । २०६२ । नेपाली साहित्यमा धरती पत्रिकाको योगदान । स्नातकोत्तर शोधपत्र, नेपाली, त्रिभुवन विश्वविद्यालय (त्रिवि) ।

घिमिरे, रघुनाथ । २०३२ । नेपाली साहित्यमा शारदाको योगदान (लेखकका नाममा आधारित वर्णानुक्रमिक विवरण) स्नातकोत्तर शोधपत्र, नेपाली, त्रिवि ।

जोशी, मनकुमारी । २०६० । नेपाली साहित्यमा धरती पत्रिकाको योगदान । स्नातकोत्तर शोधपत्र, नेपाली, त्रिवि ।

थापा, प्रणिता । २०६२ । नेपाली साहित्यमा गोधूलि पत्रिकाको योगदान । स्नातकोत्तर शोधपत्र, नेपाली, त्रिवि ।

देवकोटा, ग्रीष्मबहादुर । २०२४ । नेपालमा पत्र-पत्रिकाको प्रकाशन । *नेपालको छापाखाना र पत्र-पत्रिकाको इतिहास,* पृ. २९-५४ । काठमाडौँ : केशवप्रसाद लम्साल ।

पन्त, जनकराज । २०५४ । नेपाली साहित्यमा बगर पत्रिकाको योगदान । *बगर* ५५ : ११४-१८८ ।

पन्त, सुरेश । २०५७क । 'मिर्मिरे'को साहित्यिक योगदान तथा विधागत सर्वेक्षण । *मिर्मिरे* १८७ : ६१-७० ।

पन्त, सुरेश । २०५७ख । 'मिर्मिरे'को साहित्यिक योगदान तथा विधागत सर्वेक्षण । *मिर्मिरे* १८९ : ६८-७९ ।

पन्त, सुरेश । २०५८क । 'मिर्मिरे'को साहित्यिक योगदान तथा विधागत सर्वेक्षण । *मिर्मिरे* १९० : ७५-९३ ।

पन्त, सुरेश । २०५८ख । 'मिर्मिरे'को साहित्यिक योगदान तथा विधागत सर्वेक्षण । *मिर्मिरे* १९१ : ८२-९० ।

प्रेस काउन्सिल नेपाल । २०६५ । प्राक्कथन । *नेपाली साहित्यिक पत्रपत्रिका सङ्क्षिप्त ग्रन्थकोश,* पृ. क-ज । काठमाडौँ : प्रेस काउन्सिल नेपाल ।

फुयाल, विष्णुप्रसाद । २०६१ । नेपाली साहित्यमा झिस्मिसे पत्रिकाको योगदान । स्नातकोत्तर शोधपत्र, नेपाली, त्रिवि ।

राई, सरिता । २०६१ । नेपाली साहित्यमा चन्द्रिका पत्रिकाको योगदान । स्नातकोत्तर शोधपत्र, नेपाली, त्रिवि ।

रेग्मी, रेखादेवी । २०५५ । नेपाली साहित्यमा हाम्रो ध्वनि पत्रिकाको योगदान । स्नातकोत्तर शोधपत्र, नेपाली, त्रिवि ।

शर्मा, मोहनराज र खगेन्द्रप्रसाद लुइटेल । २०६२ । *शोधविधि* । काठमाडौँ : साझा प्रकाशन ।

सुवेदी, राजेन्द्र । २०५९/२०६० । त्रिभुवन विश्वविद्यालयअन्तर्गतका विभिन्न क्याम्पसहरूमा सञ्चालित नेपाली विषयको स्नातकोत्तर कार्यक्रममा २०६० मङ्सिरभरमा पूरा भएका स्नातकोत्तरस्तरीय शोधकार्यहरूको विवरण । *वाङ्मय* ११ : ४२-४९ ।